**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**गौचरको**
**पुनः शिलबन्दी बोलपत्र आव्हानको सूचना**
(सूचना प्रकाशित मिति २०७३।०७।१०)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फ भुई तल्लाको चेक-इन एरियामा १६.२५ बर्ग मिटर क्षेत्रफलमा Gift Shop संचालन गर्नको लागि ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यालयबाट मिति २०७३।०२।१७ को गोरखापत्र राष्ट्रिय दैनिकमा शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०२।३१ मा जारी भएको अन्तरकालिन आदेशलाई निरन्तरता दिने गरी मिति २०७३।३।१२ मा भएको आदेश अनुसार उपरोक्त सूचना कार्यान्वयन नगरी यथास्थितिमा राखिएकोमा सो सम्बन्धी अन्तरकालिन आदेश सम्मानीत अदालतको मिति २०७३।०३।२४ को फैसला अनुसार खारेज भएकोको हुँदा यस अघि मिति २०७३।०२।१७ मा प्रकाशित सूचना अनुसार यस कार्यालयबाट बिक्री गरिसकिएका बोलपत्रहरु कायमै रहने गरी नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेश गर्नुहुन पुनः शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ ।

**<u>शर्तहरुः-</u>**

१. यो सूचना प्रकाशित भएको मिति देखि ३० (तीस) दिनभित्र राष्ट्रिय बाणिज्य बैक गौचर शाखामा रहेको यस कार्यालयको हि.न. ५८ मा रु.३,०००।- (तीन हजार मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछी फिर्ता नहुने) सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice), नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रसाथ रजिस्टर्ड फर्म/कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्बन्धित निकायबाट व्यबसाय संचालन गर्न प्राप्त इजाजत पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, व्यबसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र पेश गर्नुपर्नेछ ।

३. ठेक्का अबधि ३ (तीन) बर्षको हुनेछ । उक्त ३ बर्ष अबधिको न्युनतम ठेक रकम रु.१,०५,२१,०००।- (एक करोड पाँच लाख एक्काइस हजार रुपैयाँ) कायम गरिएकोछ । साथै दोस्रो बर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको बर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिमको मूल्य बृद्धि सूचकाङ्ग अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ ।

४. यस कार्यालयलाई तिर्न वुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो वक्यौता फछ्र्यौट गरेको कागजात पत्र डकुमेण्ट्स खरिद गर्नु पूर्व पेश गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले कवोल गरेको वहाल रकमको ५% ले हुने रकम रा.वा.वैंक गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.नं ७० मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल सरकारवाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य वैकवाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १२० दिन मान्य अवधि भएको वैङ्क ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३० (तीस) दिन भित्र खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० वजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु ३१ (एकतीस) औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रित नपुगी वा म्याद नाघि वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.org.np र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको Website: www.tiairport.com.np मा समेत उपलब्ध हुनेछ ।

१३. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।